आज मिति २०७८।०६।०४ गतेका दिन राप्ती सोनारी गाउपालिका अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको वैठक वसी निम्न प्रस्ताव उपर छलफल गरी देहाय वमोजिम निर्णय गरीयो ।

उपस्थिति

| १ | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २ | श्री लाहुराम थारु | अध्यक्ष | |
| ३ | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ४ | श्री चन्द्रवहादुर वली | १ नं वडाध्यक्ष | |
| ५ | श्री मदनकुमार वली | २ नं वडाध्यक्ष | |
| ६ | श्री गंगाराम थारु | ३ नं वडाध्यक्ष | |
| ७ | श्री कान्छा थारु | ४ नं वडाध्यक्ष | |
| ८ | श्री झगरु थारु | ५ नं वडाध्यक्ष | |
| ९ | श्री जनकवहादुर थारु | ६ नं वडाध्यक्ष | |
| १० | श्री रालखन थारु | ७ नं वडाध्यक्ष | |
| ११ | श्री खुमवहादुर वस्नेत | ८ नं वडाध्यक्ष | |
| १२ | श्री महावीर वली | ९ नं वडाध्यक्ष | |
| १३ | श्री नैनाकुमारी खत्री | कार्यपालिका सदस्य | |
| १४ | श्री मीनाकुमारी विष्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री लीला नेपाली | कार्यपालिका सदस्य | लिला |
| १६ | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १७ | श्री पतरी दमाई | कार्यपालिका सदस्य | पतरी |
| १८ | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री लोकवहादुर शाही | सचिव | |

आमन्त्रित

| सि नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | लोकेन्द्र [illegible] | [illegible] | |
| २ | | | |

प्रस्तावहरु

१ हेफरसंगको सम्झौता सम्वन्धमा ।

२ फर्निचर खरिद।

३ शशस्त्र प्रहरी वल शम्सेरगंजलाई टायर खरिद ।

४ लक्षित वर्गका कार्यक्रमका लागि सुचना प्रकाशन ।

६ कार्यविधि अनुमोदन ।

६ मोटरसाईकल खरिद ।

७ कोभिड संक्रमितलाई राहात वितरण ।

८ अस्थायी करारका कर्मचारीहरुको वढ तलव भुक्तानी ।

९ गाडि खरिद सम्वन्धमा ।

१० परिक्षा संचालनका लागि विज्ञ करार सेवा लिने ।

११ चालकको तलव वृद्धि ।

१२ घ श्रेणीको ठेक्का ईजाजत पत्र सम्वन्धमा ।

१३ चेकको रकम भुक्तानी ।

१४ योजनाको म्याद थप सम्वन्धमा ।

१५ जग्गा नामसारी ।

१६ मनोपरामर्श दातालाई तालिम ।

१७ आर्थिक सहयोग ।

१८ राहात प्रदान ।

१९ सुरिक्षत नागरिक आवास ।

२० भुक्तानी ।

२१ प्रहरी चौकि स्थापना ।

२२ कार्यक्रम संचालनका लागि सम्झौता र भुक्तानी ।

२३ करार सेवा नविकरण ।

२४ आ व ०७७।०७८ को योजनाको भुक्तानी ।

**निर्णय नं १**

आ व ०७८।०७९ को स्वीकृत कार्यक्रम अनुसार यस राप्ती सोनारी गाउपालिकालाई कृषि तथा पशु क्षेत्रमा आत्मनिर्भर वनाउन साझेदारितामा कृषि तथा पशु सेवाका कार्यक्रमहरु संचालन गर्न प्रकाशित सुचना वमोजिम पेश हुन आएका प्रस्तावको मुल्याकंनवाट हेफर प्रोजेक्ट नेपाल हात्तिवन ललितपुर छनौट भएकाले चालु आ व को स्वीकृत वजेटको परिधि भित्र रहि यसै आर्थिक वर्ष भित्र(एक वर्ष) कार्यक्रम सम्पन्न गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

यस पालिका अन्तर्गतका वडा कार्यालय स्वास्थ्य चौकि र आयुर्वेदिक स्वास्थ्य चौकिवाट फर्निचर माग भै आएका सन्दर्भमा कार्यालयवाट स्थलगत निरिक्षण गराई प्राप्त प्रतिवेदनका आधारमा वजेटको परिधि भित्र रहि नियमानुसार खरिद गरी आवश्यकताका आधारमा उपलव्ध गराउने ।

**निर्णय नं ३**

यस पालिका स्थित शम्शेरगंज शशस्त्र प्रहरी वलवाट यस पालिका अन्तर्गतका विभिन्न खोलाको अनुगमन र हाईवेमा हुन सक्ने दुर्घटनामा राहात उद्दार र क्षेति न्युनिकरणका लागि सवारी साधान परचालन गर्नु पर्ने तर टायरको अभाव भएकाले उपर्युक्त कार्य गर्न वाधा पर्न गएकाले टायर उपलव्ध गराई दिनु हुन भनि अनुरोध भै आएकाले माग वमोजिम टायर खरिद गरी उपलव्ध गराउने ।

**निर्णय नं ४**

आ व ०७८।०७९ को स्वीकृत कार्यक्रम वमोजिम तपसिलका लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्नका लागि सम्वन्धित संस्थाहरुवाट प्रस्ताव पेश गर्न १५ दिने सुचना प्रकाशन गर्नेः

**तपशिल**

| | |
|---|---|
| १ अलपसंख्यक जाति(कुमाल र गाइने) | रु ४ लाख |
| २ आदिवासी जनजाति कार्यक्रम(थारु मगर गुरुग) | ५ लाख |
| ३ दलित जाति कार्यक्रम(वादि खुना र लोहार) | ५ लाख |
| ४ मधेशी हकहित सम्वन्धि कार्यक्रम | ३ लाख |
| ५ मुस्लिम हकहित सम्वन्धि कार्यक्रम | ३ लाख |
| ६ महिला विशेष कार्यक्रम(सीप विकास कार्यक्रम) | १५ लाख |

**निर्णय नं ५**

यस पालिकास्थित राप्ती सोनारी अस्पताल लगायत पालिका र पालिका मातहत निकायहरुमा प्राविधिक कर्मचारी करारमा भर्ना गर्नका लागि निर्माण गरिएको राप्ती सोनारी गाउपालिका करारमा कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि २०७८ स्वीकृति गरी लागु गर्ने । यसै गरी राप्ती सोनारी गाउपालिकाको टोल विकास संस्था(गठन तथा परिचालन) कार्यविधि २०७८ लाई समेत स्वीकृत गर्ने ।

**निर्णय नं ६**

यस पालिकाको प्राविधिक शाखाको कार्यसम्पादनलाई सहज र सरल ढंगले संचालन गर्न मोटरसाईकल आवश्यक पर्न गएकाले नियमानुसार खरिद प्रक्रिया अगाडि वढाउने ।

**निर्णय नं ७**

यस पालिकाको चालु आ व को स्वीकृत निति तथा कार्यक्रम वमोजिम कोभिड संक्रमितलाई राहात दिने भनिए वमोजिम पेश हुन आएका निवेदनको प्रक्रिया पुरा भए नभएको छानविन र एकिन गरी राहात रकम वितरण गर्ने ।

**निर्णय नं ८**

यस राप्ती सोनारी गाउ पालिकामा  कार्यरत अस्थायी करार सेवाका कर्मचारीहरुलाई संघिय निजामति सेवाका कर्मचारी सरह रु २०००।० का दरले महंगि भत्ता उपलव्ध गराउने ।

**निर्णय नं ९**

यसराप्ती सोनारी गाउपालिकाको सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी वनाउन कर्मचारी आवत जावत लगायत अन्य कार्यालय प्रयोजनका लागि ३० सिट क्षमता भएको वस आवश्यकता परेको हुदा चालु आव मा विपद व्यवस्थापन शिर्षकमा विनियोजित रकमवाट भुक्तानी दिने गरी नियमानुसार खरिद प्रक्रिया अगाडि वढाउन कार्यालयलाई  निर्देशन दिने ।

**निर्णय नं १०**

अस्थायी करार सेवाका लागि गरिएको विज्ञापन वमोजिम पेश हुन आएका आवेदनहरुको छानविन गरी स्वीकृत गर्न र परिक्षालाई मर्यादित स्वच्छ र निष्पक्ष रुपमा सम्पादन गर्न विज्ञहरुको सेवा करार लिन छनौट समितिलाई अनुमति प्रदान  गर्ने ।

**निर्णय नं ११**

यस पालिकामा कार्यरत हलुका सवारी साधान चालक उपेन्द्र के सी करन वि क र दिनेश चौधरीले कामको प्रकृति र कार्यवोझका कारण सुरु तलवको २० प्रतिशत रकम तलव वृद्धि गरी दिन भनि निवेदन पेश हुन आएको सन्द्रर्भमा निजहरुको सुरु तलवको १५ प्रतिशतले तलव भत्ता वृद्धि गर्ने ।

**निर्णय नं १२**

नियमानुसार प्रक्रिया पुरा गरी आवश्यक कागजात सहित ईजाजतका लागि निवेदन पेश गर्ने तपसिलका फर्महरुलाई घ वर्गको इजाजत प्रदान गर्नेः

**तपसिलः**

१ सल्यानी कन्सट्रक्सन राप्ती सोनारी ९ वाँके

२ विष्ट निर्माण सेवा राप्ती सोनारी ८ वाँके

३ आ र डि निर्माण सेवा राप्तीसोनारी ९ वाँके ।

४ गंगामाला भगवति कन्सट्रक्सन राप्ती सोनारी २ वाँके ।

**निर्णय नं १३**

गत आ व ०७७।०७८ मा चेक जारी  नाम फरक पर्न गएको र चेक साट्न म्याद गुजारेका कारण भुक्तानी हुन नसकेका तपसिलका व्यक्तिहरुका नाममा जारी चेक फिर्ता लिई यस आ व को स्वीकृत वजेटवाट खर्च लेख्ने गरी भुक्तानी दिने ।

तपसिलः

संगिताकुमारी थारु रु ८९१००।० चेक नं ००३२०९७५२४०७०१

जंगवहादुर महत क्षेत्री रु ७०९२।० चेक नं ००३२०९६८३८०७०१

**निर्णय नं १४**

गत आ व मा टेन्डर भई कार्य सम्पन्न हुन नसकि पुनः म्याद थपका लागि ठेकेदार कम्पनिवाट प्राप्त निवेदन उपर छलफल हुदा उक्त निमार्ण कम्पिनवाट काम सम्पन्न गर्ने समयावधि र प्रतिवद्धता लिएर मात्र म्याद थप गर्ने ।

**निर्णय नं १५**

वडा नं ५ को भोग चलनमा रहेको जग्गामा सोही वडा निवासी भगवान थारुको मोहियानी हक कायम रहेकाले निज भगवान थारुलाई रु २५००००।० उपलव्ध गराई वडा कार्यालयको एकलौटी हकाधिकार कायम हुने गरी कार्यप्रक्रिया अगाडी वढाउने ।

**निर्णय नं १६**

यस गाउपालिका अन्तर्गत मेलमिलापकर्ताको तालिम लिएका २३ जना मेल मिलापकर्ताहरुलाई ७ दिने मनोसामाजिक परामर्श तालिम संचालन गर्ने र उक्त तालिमका लागि आवश्यक रकम भुक्तानि दिने ।

**निर्णय नं १७**

यस गाउपालिका वडा नं ६ निवासी लाहानु थारुको रोजगारीका शिलसीलामा भारतमा मृत्यु हुन गएकाले निजको शव ल्याउन शव वाहान वापतको खर्च हुन गएको रु २५०००।० भुक्तानी दिने ।

**निर्णय नं १८**

राप्ती सोनारी गा पा वडा नं ४ राजपुरमा करेन्ट लागि मृत्यु भएको राँगाको रु ४००००।० राहात स्वरुप उपलव्ध गराउने ।

**निर्णय नं १९**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत नौ वटै वडावाट आवश्यक कागजात सहित निवेदन पेश गर्न पटक पटक आह्वान गर्दा पनि कतिपय वडावाट निवेदन नै नआएको र कतिपय वडावाट अपुरो निवेदन पेश हुन आएकाले समयमै कार्य सम्पन्न नहुने सिथति सृजना भएकाले यहि असोज १५ भित्र अनिवार्य रुपमा सम्पुर्ण कागजात सहित निवेदन पेश गर्न ९ वटै वडालाई पुनः पत्राचार गर्ने । यति गर्दा पनि सम्वन्धितवाट निवेदन प्राप्त नभएमा सम्वन्धित वडाले जवाफदेहीता वहन गर्ने ।

**निर्णय नं २०**

वर्षा याममा वाढिका कारण डुवान हुन पुगेको वडा नं ६ को विभिन्न ठाउ डुव्ने भएकाले तत्काल निकासका लागि टेलिफोन सम्पर्कवाट होमपाइप झिकाई वाढीको निकास गरिएको हुदा उक्त होमपाईपको प्राविधिक मुल्याकंनवाट हुन आउने रकम र यसै गरी वडा नं २ को चिलिगं मेशिन जडानमा प्राविधिकवाट तयार गरिएको अन्तिम प्रतिवेदन वमोजिम रकम भुक्तानि हुन पर्नेमा रु ४०००००।० मात्र निकासा हुन गएकाले भुक्तानि गर्न वाँकि रहेको रकम रु १३०८२३।० भुक्तानी गर्ने ।

**निर्णय नं २१**

यस पालिका वडा नं ९ मा पर्ने ढकेरी वजार क्षेत्र लगायत आसपासका अन्य क्षेत्रहरु सुरक्षाका दृष्टिकोणले अत्यन्तै संवेदनशिल भएका कारण त्यस क्षेत्रका वासिन्दालाई सुरक्षा प्रत्याभुत गर्न ढकेरीस्थित प्रहरी विट ढकेरीलाई प्रहरी चौकि ढकेरी कायम गरी दिन जिल्ला प्रशासन कार्यालय वाँकेलाई सिफारिससाथ अनुरोध गर्ने ।

**निर्णय नं २२**

चालु आव को पारित नीति तथा कार्यक्रम वमोजिम संचार क्षेत्रसंगको सहकार्य एवं स्थानिय भाषा र संस्कृतिको संरक्षण संवर्द्धन अन्तर्गत तपसिलका कार्यक्रम संचालन गर्न सम्झौता गरी कार्यादेश दिने र कार्य सम्पन्न पश्चात डकुमेन्ट प्राप्त भए पछि भुक्तानि गर्नेः

तपसिलः

| सि नं | कार्यक्रम | रकम | वजेट शिर्षक | संचालन गर्ने संस्था |
|---|---|---|---|---|
| १ | थारु भाषाको पौराणिक गितको संरक्षण | ४९७३०० | भाषा कला संस्कृतिको जगेर्ना | आ र प्रोडक्सन एण्ड जईन्टरटेनमेन्ट प्रा लि |
| २ | फुलरिया कार्यक्रम | ४१५८४० | फुलरिया कार्यक्रम | एन टि भि कोहलपुर |
| ३ | जनतासंग जनप्रतिनिधि कार्यक्रम | ८००००० | जनतासंग जनप्रतिनिधि कार्यक्रम | एन टि भि कोहलपुर |
| ४ | वृत्तचित्र निर्माण | ४९८९०० | र्याफ्टिगं पर्यटन | आ र प्रोडक्सन एण्ड जईन्टरटेनमेन्ट प्रा लि |
| ५ | अत्वारी पर्व वृतचित्र निर्माण, | ४००००० | आदिवासी जनजाति सम्विन्ध विभिन्न कार्यक्रम | सि एस फिल्म प्रा लि |
| ६ | | | | |

**निर्णय नं २३**

यस राप्ती सोनारी गाउपालिकामा अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा करार सम्झौता २०७९ अषाढ मसान्त सम्मका लागि थप गर्ने ।

**निर्णय नं २४**

आ व ०७७।०७८ मा ठेक्का सम्झौता भइ कार्य सम्पन्न भएका तर रकम अभावका कारण पुरै भुक्तानी नभएका तपसिलका योजनाहरुको बाँकि रहन गएको तपसिल वमोजिमको रकम भुक्तानी दिने:

तपसिलः

| सि न | योजनाको नाम | भुक्तानी हुनु पर्ने रकम | भुक्तानी भएको रकम | भुक्तानी हुन बाँकि रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कुसुम हेल्थ पोष्ट | ८२३१६२ | ६८०८०३ | १४२३५९ | |
| २ | नेरामावि अगैया छात्रावास | १८१४८५९ | १६११९९५ | २०३६८४ | |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र ८ | ८७०५३५ | ५८२१६० | २८८३७५ | |
| | जम्मा रकम | | | ६३४४१८ | |